एकाइ - ५५ शिक्षा र सामाजिक विकास

# १ (शिक्षा र मानव संसाधन विकास)

Human resources

Page: Date:

अभ्यास

क) मानव संसाधन भनेको के हो?

→ ~~मान~~ कुनै पनि कार्य सम्पन्न गर्नका लागि आवश्यक पर्ने सामान्य तथा ~~प्रा~~ प्राविधिक जनशक्तिलाई मानव संसाधन हो।

ख) शिक्षा र मानव संसाधन विकासबिचको एउटा भिन्नता लेख्नुहोस्।

→ शिक्षाले व्यक्तिलाई शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक रूपमा सफल जीवन बाँच्नकालागि आवश्यक सामान्य तथा विशिष्ट ज्ञान, सिप र क्षमता विकास गराउँछ भने मानव संसाधन विकासले व्यक्तिलाई एउटा निश्चित क्षेत्रको विशिष्ट ज्ञान, सिप र क्षमता विकास गराउँछ।

ग) कार्यगत तालिमको परिचय दिनुहोस्।

→ कार्यगत तालिम भन्नाले एउटा दक्ष र अनुभवी कामदार र अर्को नयाँ र सिकारु कामदारबिचको औपचारिक वा अनौपचारिक सम्बन्ध हो।

घ) मानव संसाधन विकासका कुनै २ तरिका उल्लेख गर्नुहोस्।

→ मानव ~~संस~~ संसाधन विकासका तरिका :

१) शिक्षा २) तालिम

ङ) मानव संसाधन विकासमा शिक्षाको भूमिका ~~शीर्ष~~ उल्लेख गर्नुहोस्।

→ कुनै पनि देशको महत्वपूर्ण स्रोत भनेको त्यस देशका जनता नै हुन। तर तिनीहरु सहज, सक्रिय ढङ्गले काम गर्न शिक्षित भएको हुनुपर्दछ। शिक्षाले त्यस्ता मानव संसाधनको विकास गर्दछ जसले ज्ञान र सीपको माध्यमबाट आफ्नो लगायत, परिवार समाज र राष्ट्रको विकास गर्न सक्दछन। यतिमात्र नभई ज्ञान र सीपयुक्त जनशक्तिले देशको स्रोत परिचालन गर्न योगदान पुर्याउन सक्दछन। राष्ट्रको आवश्यकतालाई मध्यनजर गरी विभिन्न सीपमूलक, रोजगारमूलक एवम् व्यवहारिक शिक्षा प्रणालीको पनि विकास भएको पाइन्छ। नेपालको सन्दर्भमा ~~सा~~ सैद्धान्तिक शिक्षाको साथै व्यवहारिक शिक्षा माथि जोड दिन थालिएको छ। व्यवसायिक शिक्षाले व्यवसायिक मानव संसाधनको विकास गर्न मद्दत पुर्याउँछ भने

CamScanner

प्राविधिक शिक्षाले प्राविधिक जनशक्तिको कमीलाई मद्दत गर्दछ। तसर्थ समाज र राष्ट्रको आवश्यकता पूर्ति गर्न दक्ष मानव संसाधनको आवश्यकता हुन्छ। यस्तो दक्ष मानव संसाधनको निर्माण शिक्षाद्वारा नै गर्न सकिन्छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ।

च.) शिक्षा र मानव संसाधनबिचको सम्बन्धलाई उदाहरणसहित प्रस्तुत गर्नुहोस्।

→ शिक्षा र मानव संसाधन विकास दुवैले व्यक्तिलाई ज्ञान र सिप प्रदान गरी उसको क्षमता विकास गर्दछन्। यसरी सामान्य रूपमा हेर्दा यी दुवै उस्तै लाग्छन् तर शिक्षाले व्यक्तिलाई शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक रूपमा सफल जीवन बाँच्नका लागि आवश्यक सामर्थ्य तथा विशिष्ट ज्ञान, सिप र क्षमता विकास गराउँछ भने मानव संसाधन विकासले व्यक्तिलाई एउटा निश्चित क्षेत्रको विशिष्ट ज्ञान, सिप र क्षमता विकास गराउँछ। तसर्थ शिक्षा र मानव संसाधन विकासलाई एकअर्कालाई सहयोग गर्ने गरी सँगसँगै अगाडि बढाउन सके दुवै प्रणालीलाई अझ प्रभावकारी बनाउन सकिन्छ।

→ शिक्षा र मानव संसाधन बीच गहिरो सम्बन्ध छ। शिक्षाले व्यक्तिलाई ज्ञान, सीप र दक्षता प्रदान गर्छ, जसले उसलाई सक्षम र उत्पादनशील मानव संसाधन बनाउँछ। शिक्षित जनशक्तिले प्रभावकारी रूपमा काम गरेर उत्पादन बढाउँछ, रोजगार अवसर विस्तार गर्छ, राष्ट्रको आर्थिक तथा सामाजिक विकासमा योगदान पुर्‍याउँछ। त्यसैले मानव संसाधन विकासको आधार नै शिक्षा हो।

## २ (शिक्षामा पहुँच र समावेशिता)

क.) शिक्षामा पहुँच भन्नाले के बुझिन्छ?

→ शिक्षामा पहुँच भन्नाले प्रत्येक व्यक्तिले बिना भेदभाव सहज रूपमा शिक्षा प्राप्त गर्न पाउने अवस्था बुझिन्छ।

ख) समानता र समताबिचको एउटा भिन्नता लेख्नुहोस्।

→ सबैलाई एकै किसिमको अवसर, सुविधा बराबर मात्रामा दिनु समानता हो। प्रत्येक व्यक्तिको अवस्था, क्षमता अनुसार सुविधा उपलब्ध गराउनु समता हो।

ग) शिक्षामा समावेशिताको परिचय दिनुहोस्।

→ शिक्षामा समावेशिता (involvement) भन्नाले समाजका सबै वर्ग, जाति, लिङ्ग, अपाङ्गता भएका व्यक्ति, पिछडिएका क्षेत्र र आर्थिक रूपमा कमजोर समूहलाई बिना कुनै विभेद समान अवसरसहित शिक्षामा सहभागी गराउने व्यवस्था बुझिन्छ।

घ) नेपालको संविधानले मौलिक हक अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षाका लागि कस्तो व्यवस्था गरेको छ?

→ नेपालको संविधानले मौलिक हक अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षाका लागि निम्न अनुसारको व्यवस्था गरेको छ:

- आधारभूत तहसम्म निःशुल्क शिक्षाको व्यवस्था,
- कक्षा १२ सम्म निःशुल्क पाठ्यपुस्तकको व्यवस्था,
- महिला, दलित आदि समूहका बालबालिकाहरूलाई छात्रवृत्तिको व्यवस्था,
- विद्यालय भवनलगायतका भौतिक संरचनालाई अपाङ्गमैत्री बनाउने व्यवस्था,
- विद्यालयमा छुट्टै शौचालयको व्यवस्था।
- विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष स्रोत कक्षाहरूको व्यवस्था।

ङ.) शिक्षामा पहुँच हुनबाट रोक्ने बाधाहरू मध्ये कुनै ५ ओटाको छोटो परिचय दिनुहोस्।

→ शिक्षामा पहुँच हुनबाट रोक्ने बाधाहरू यसप्रकार रहेका छन्:

- राज्य स्तरका बाधाहरू: अयुक्त शिक्षा प्रणाली हुनु, घर र विद्यालयबिचको दुरी आदि।
- आर्थिक सामाजिक बाधाहरू: महिला र पुरुषबिचको भेदभाव, गरिबी, बाल विवाह आदि
- विद्यालय र कक्षाकोठाका बाधाहरू: जातीय, लैङ्गिक तथा बाल अधिकारको संरक्षणमा उदासिनता, शिक्षक कर्मचारीबाट भेदभाव, कम तालिम प्राप्त शिक्षकहरू।
- व्यक्तिगत बाधाहरू: पारिवारिक प्रवृत्ति, सामाजिक सांस्कृतिक मूल्य मान्यता, अपाङ्गता, शिक्षामा असफलता।
- सांस्कृतिक तथा धार्मिक बाधाहरू: बालविवाह, शिक्षासम्बन्धी चेतनाको कमी, शिक्षामा छोराहरूलाई प्राथमिकता।

Book (pg-185)

* नेपालको आधुनिक कालको राजनीतिक इतिहासका सकरात्मक र नकरात्मक अवस्थालाई लेख्नुहोस्।

→ नेपालको आधुनिक कालको राजनीतिक इतिहासका सकरात्मक र नकरात्मक अवस्था निम्न अनुसार छन्:

सकरात्मक अवस्था:

- क्रमतिमा ५२ टुक्रामा विभाजित नेपाल राज्यलाई एकीकरण गरी सिङ्गो राज्य निर्माण गरे।
- सामाजिक, आर्थिक, सांस्कृतिक विविधताको अन्त्य भएको थियो।
- नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धति भएको देशको रूपमा स्थापित भयो।
- परराष्ट्र नीति बलियो तथा मजबुत हुनु।

नकरात्मक अवस्था:

- सत्ताको लागि आपसी झैझगडाहरू बढ्नु।
- राजनीतिक अस्थिरता बारम्बार देखिएको छ जसले देशको विकासमा ढिलासुस्ती गर्छ।

-2) फरक क्षमता तथा आवश्यकता भएका बालबालिकाहरूलाई छुट्टै कक्षामा राख्ने विधि र उनीहरूलाई पनि सामान्य बालबालिकाहरूसँग राखेर शिक्षण गर्ने तरिका, समावेशिताबिच फरक छुट्याउनुहोस्।

→ फरक क्षमता तथा आवश्यकता भएका बालबालिकाहरूलाई छुट्टै कक्षामा राख्ने विधिलाई छुट्याउने विधि भनिन्छ। यस विधिमा विशेष आवश्यकता भएका व्यक्तिहरूका लागि छुट्टै विद्यालय वा छुट्टै कक्षाको व्यवस्था गरिएको हुन्छ, जस्तै: बहिरा विद्यालय, महिला विद्यालय आदि।

फरक क्षमता तथा आवश्यकता भएका बालबालिकाहरूलाई पनि सामान्य बालबालिकाहरूसँगै राखेर शिक्षण गर्ने विधिलाई समावेशी विधि भनिन्छ। यस विधिमा विशेष आवश्यकता भएका बालबालिकाहरूलाई पनि सामान्य बालबालिकाहरूसँगै राखेर शिक्षण गरिन्छ तर उनीहरूलाई थप तथा विशेष सहयोग उपलब्ध गराइन्छ।

* सहरीकरणलाई व्यवस्थित बनाउन चाल्नुपर्ने कदमहरू लेख्नुहोस्।

→ सहरीकरणलाई व्यवस्थित बनाउन/गर्न चाल्नुपर्ने कदमहरू:

- सुदृढ शहरी योजना - ग्रामीण क्षेत्रमा अवसर सिर्जना
- सार्वजनिक यातायात र पूर्वाधार: ट्राफिक जाम र प्रदूषण कम गर्ने प्रभावकारी यातायात बनाउनु।
- पर्यावरणीय संरक्षण: जसले वातावरण संरक्षण हुन्छ जस्तै: हरियाली, खुला स्थान।
- कानुनी नियम कडाइ: अवैध बस्ती रोक्न कडा नियम लागु हुनुपर्छ।

# नेपाल र चीनबिचको सम्बन्ध

* नेपाल र चीन बीचको सम्बन्ध ऐतिहासिक रूपमा मैत्रीपूर्ण, आपसी सम्मान र सहकार्यमा आधारित रहँदै आएको छ। दुवै देशबीच सन् १९५५ मा कूटनीतिक सम्बन्ध स्थापना भएपछि सम्बन्ध क्रमशः सुदृढ बढ्दै गएको हो। वर्तमान समयमा पनि दुई देशबीच राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा सहकार्य विस्तार भइरहेको छ।

राजनीतिक रूपमा उच्चस्तरीय भ्रमण र भेटघाट नियमित भइरहेका छन्। दुवै देशले एक-अर्काको सार्वभौमिकता र आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने नीति अपनाएका छन्।

1( आर्थिक क्षेत्रमा चीन नेपालको प्रमुख व्यापार साझेदारमध्ये एक बनेको छ। चीनको सहयोगमा सडक, पुल, जलविद्युत आयोजना, विमानस्थल निर्माण जस्ता पूर्वाधार विकासका काम भएका छन्। विशेषगरी बेल्ट एण्ड रोड इनिसिएटिभ (BRI) अन्तर्गत सहकार्य गर्ने सम्झौतापछि भविष्यमा थप परियोजना अगाडि बढ्ने अपेक्षा गरिएको छ।) यसरी, वर्तमान अवस्थामा नेपाल र चीनबिचको सम्बन्ध बहुआयामिक र सुदृढ रूपमा अघि बढिरहेको छ। 2(हाल नेपालमा सञ्चालित चिनियाँ सहायताका केही परियोजनाहरूमा माथिल्लो त्रिशुली हाइड्रोपावर परियोजना, पोखरा अन्तर्राष्ट्रिय एयरपोर्ट निर्माण परियोजना, काठमाण्डौं चक्रपथ सुधार परियोजना समावेश ~~हुन्~~ छन्।)

* Belt and Road Initiative (BRI) भनेको China सरकारले सन् २०१३ मा सुरु गरेको एक अन्तर्राष्ट्रिय विकास र पूर्वाधार परियोजना हो। यसको उद्देश्य विभिन्न देशहरूबीच सडक, रेलमार्ग, ऊर्जा, सञ्चार जस्ता संरचना निर्माण गरी व्यापार र आर्थिक सहयोग बढाउनु हो।

BRI का दुई मुख्य भाग छन्:

१) स्थलमार्ग (सडक, रेल)
२) समुद्री मार्ग।

(Pg- 122)

२) फौजदारी मुद्दा कस्तो मुद्दालाई जनाउँछ ? एक वाक्यमा लेख्नुहोस् ।

→ फौजदारी मुद्दा भनेको कानुनले अपराध मानेको कार्यका कारण राज्यले कसैमाथि चलाउने कानुनी मुद्दालाई जनाउँछ।